कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
**Faculty of Agriculture**
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: २०७५/०९/२४

# सूचना

शैक्षिक सत्र २०७५/०७६ का लागि यस संकाय अन्तर्गत कृषि संकाय, रामपुर; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुन्चौर-कास्की; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कपिलाकोट-सिन्धुली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, टिकापुर-कैलाली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पाखीबास-धनकुटा; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, बर्दीबास-महोत्तरीमा कृषि स्नातक (B.Sc.Ag.) तहमा अध्ययनको लागि मिति २०७५/०९/१४ गतेका दिन लिईएको प्रवेश परीक्षामा संलग्न भई उत्तिर्ण भएका विद्यार्थीहरु मध्येबाट मेरिटको आधारमा भर्नाका लागि आवेदन फारममा भरेको कलेजको प्राथमिकता र योग्यताक्रम (Merit) को आधारमा मेरिट, प्रादेशिक, दलित, जनजाती, मधेशी, अपाङ्ग, द्वन्द पिडित, छात्रा तथा स्टाफ कोटा संग सम्बन्धीत पहिलो तथा दोश्रो नामवली (First/Second Merit List) प्रकाशित गरिएकोमा रिक्त हुन आएका मेरीट कोटाको लागी तेश्रो तथा अन्तिम नामवली (Third/Last Merit List) प्रकाशित गरिएको छ । यस नामवलीमा परेका विद्यार्थीहरुले मिति २०७५ पौष २४ गते देखि मिति २०७५ पौष २७ गते सम्म कार्यालय समय भित्र भर्ना भैसक्नु पर्नेछ । साथै भर्ना हुन आउदा आवेदकले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र र मूल प्रमाणपत्र वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) हरुका सक्कलै प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ । भर्नाको लागी निकालिएको मेरिट लिस्ट यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np मा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ ।

परीक्षाफलमा त्रुटी नहोस् भनी विशेष सतर्कता अपनाइएको छ । तथापि कुनै त्रुटी पाइएमा अभिलेखबाट सच्याइनेछ ।

......................

प्रा. जय प्रकाश दत्त
डीन

टेलिफोन : +९७७-५६-५९११४१, ५२०६०२/फ्याक्सः +९७७-५६-५२०६०२, ५९१०२१
Tel.: +977-56-591141, 520602 / Fax : +977-56-520602, 591021
www.afu.edu.np